सूचना ४

उद्योग मन्त्रालयका सचिव श्री भोलानाथ चालिसे बिरामी भै बिदा स्वीकृति गराई बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री इन्द्र-कुमार श्रेष्ठलाई मिति २०५४।४।२९ देखि कायम मुकायम मुकरर गरेको छ।

सूचना ५

माननीय उप-प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा स्थापना गरी सो कार्या-लयको प्रमुखको रूपमा उहाँको निजी सचिव (रा.प.प्रथम) ले कार्यालय सचिव भै कार्य गर्ने व्यवस्था भएअनुसार उक्त उप-प्रधानमन्त्रीको कार्यालयको कार्यालय सचिव (रा.प. प्रथम) पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले महालेखा नियन्त्रक कार्यालयका उप-महालेखा नियन्त्रक (रा.प.द्वि.प्र. लेखा) श्री टंकमणि शर्मालाई मिति २०५४।४।२१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव

भूलसुधार

खण्ड ४६, संख्या ३८ मिति २०५३।९।२२ को नेपाल राजपत्र भाग ३ मा प्रका-शित यस मन्त्रालयको सूचना ३ को शीर व्यहोराको दोश्रो हरफको आ.व. भन्ने शब्द पछि ०५३।५४ को दरबन्दी अनुसार लाग्ने बिक्रीकरमा देहायबमोजिम मात्र लिने गरी बाँकी बिक्रीकर छूट दिएको छ" भन्ने हुनु पर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ।

अर्थ मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

200